# कोभिड-१९ महामारी - सञ्चार रणनीतिको लागि स्वास्थ्य क्षेत्रको आपतकालीन प्रतिकार्य योजना

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## नेपाल सरकार

# विषय-सूची


कोभिड-१९सम्बन्धी सञ्चारमा बृहत् प्रासंगिक चुनौतीहरू 2

विश्वव्यापी सन्दर्भ - अनिश्चितता, डर र विश्वासमा ह्रास 2

अवरुद्ध आपूर्ति श्रृंखलाहरू 2

'सूचनाको महामारी' (infodemic), अफवाह र गलत सूचना 3

खोप विकास, उत्पादन, उपलब्धता र पहुँच 3

कानून एवं व्यवस्था र स्वास्थ्यको अन्योन्याश्रित सम्बन्ध 3

रोग सम्बन्धित अनिश्चितता 4

परिस्थितिगत प्रसंग 4

कोभिड-१९ देश-विशेष सन्दर्भ 4

१. नेपालको परिवर्तनशील महामारी स्थिति 5

२. संघीय सञ्चार प्रतिकार्यको समन्वय 5

३. परिवर्तनशील संघीयता र विकासशील स्वास्थ्य प्रणाली 6

यस रणनीतिलाई निर्देशित गर्ने सिद्धान्तहरू 6

रणनीतिक सञ्चार लक्ष्यहरू 12

उद्देश्यहरू 13

यो रणनीतिका अपेक्षित उपलब्धि के-के हुन् ? 18

यो रणनीतिले क-कसलाई सम्बोधन गरेको छ ? 19

कार्यान्वयन संयन्त्र 19

कार्यान्वयन नेतृत्व 19

कार्यान्वयन विधि 20

## कोभिड-१९सम्बन्धी सञ्चारमा बृहत् प्रासंगिक चुनौतीहरू

प्रासंगिक चुनौतीहरूमा मौलिक अवसरहरू र सकारात्मक परिवर्तन ल्याउनका लागि नयाँ प्रवेश विन्दुहरू समाहित भएका हुनाले यिनलाई बुझ्नु यस रणनीतिको लागि आवश्यक छ । यो रणनीति वर्तमान विश्वव्यापी, परिस्थितिगत र राष्ट्रिय परिप्रेक्षमा देखिएका बृहत् तथा महत्वपूर्ण चुनौतिहरूका बारे सजग छ । नेपालको कोभिड-१९ प्रतिकार्यलाई असर पार्ने केही गम्भीर समस्याहरू निम्नानुसार छन् ।

## विश्वव्यापी सन्दर्भ - अनिश्चितता, डर र विश्वासमा ह्रास

भौगोलिक, आर्थिक-सामाजिक, तथा स्वास्थ्य मापदण्डहरू र विचारधाराहरू फरक-फरक भए तापनि विश्वव्यापी महामारीहरूले विश्वका सबै भागहरूलाई एकै समयमा प्रभावित पार्दछन् । नोभेल कोरोनाभाइरस अन्तर्राष्ट्रिय रूपमा फैलिएको अवस्थामा प्रत्येक सरकारले आफ्ना जनताको सुरक्षा र हितलाई प्राथमिकता दिनेछ भन्ने अपेक्षा राख्न सकिन्छ ।[1] द्रुत रूपमा परिवर्तनशील विश्वव्यापी परिप्रेक्षमा निम्न उल्लेखनीय पक्षहरूले अनिश्चितता र डर निम्त्याउँदछन् जसलाई यो रणनीतिले सम्बोधन गर्दछः

## अवरुद्ध आपूर्ति श्रृंखलाहरू

अत्यधिक माग र उत्पादन तथा वितरणमा आएका बाधाका कारण विश्वव्यापी आपूर्ति श्रृंखलाहरू अवारुद्ध भएका छन् ।[2] बन्दाबन्दीको परिणामस्वरूप चिकित्सीय उपकरण, व्यक्तिगत सुरक्षा उपकरण र औषधी जस्ता आवश्यक वस्तुहरूको उत्पादन र वितरण पुनःसुचारु गर्ने क्रममा अप्रत्याशित बाधा देखिएका छन् । त्यस्तै, कार्यस्थलमा शारीरिक दूरीसम्बन्धी आवश्यकताहरूले उत्पादनका सिलसिलामा नौला अवरोधहरू खडा गर्दैछन् र बन्दाबन्दी खुकुलो गरिँदासमेत तिनको समाधान पूर्ण रूपमा गर्न सकिएको छैन । आवश्यक वस्तुहरू र सेवाहरूको उपलब्धता र न्यायसंगत पहुँचको बारेमा जारी अनिश्चितताले जनतामा व्याप्त डरलाई बढाइरहेको छ - जुन आफैमा सञ्चारको लागि बाधा हो ।

---

[1] Responding to the avian influenza pandemic threat: recommended strategic actions, WHO, 2005

[2] Adnan Seric, Holger Görg, Saskia Mösle and Michael Windisch, UNIDO, “Managing COVID-19: How the pandemic disrupts global value chains.” UNIDO Department of Policy Research and Statistics. https://iap.unido.org/articles/managing-covid-19-how-pandemic-disrupts-global-value-chains

## 'सूचनाको महामारी' (infodemic), अफवाह र गलत सूचना

कोभिड-१९- सम्बन्धित सबै किसिमका जानकारी औपचारिक र अनौपचारिक विश्वव्यापी मिडियाबाट भरपूर प्रसारित भइरहेका छन् - चाहे ती सही हुन् या गलत । सूचनाको यस्तो प्रचुरतालाई 'इन्फोडेमिक' भनिन्छ । कोभिड-१९ महामारीका सम्बन्धमा गलत सूचना, अफवाह इत्यादिका कारण जनमानसमा नौला जानकारी तथा सूचनाप्रति उदासिनता र वितृष्णा (information fatigue) फैलिएको समेत देख्न पाइन्छ ।[3]

## खोप विकास, उत्पादन, उपलब्धता र पहुँच

खोप विकासको दौड जारी रहेको अवस्थामा यसको उत्पादन, उपलब्धता र पहुँचसम्बन्धी विषयहरू नियमित रूपमा विश्वव्यापी छलफलमा समाहित हुन्छन् । समान पहुँचसम्बन्धी प्रश्नहरूले नीतिगत क्षेत्रमा प्रमुखता पाएका छन् ।[4] तर यस विषयमा आएको अनिश्चितताले व्याप्त डरलाई बढाइरहेको छ र परिणामस्वरूप प्रभवकारी सञ्चार र सार्वजनिक सन्देशको आदानप्रदानमा बाधा पुऱ्याइरहेको छ ।

## कानून एवं व्यवस्था र स्वास्थ्यको अन्योन्याश्रित सम्बन्ध

जनस्वास्थ्य कदमहरूको कार्यान्वयनले थुप्रै देशहरूमा अवस्थित कानून व्यवस्थाका लागि विभिन्न प्रकारका चुनौतीहरू प्रस्तुत गर्दैछ ।[5] जनस्वास्थ्य र सुरक्षा आदेश उल्लंघन गरेमा लगाइने जरिवाना तथा सजायले कोभिड-१९ प्रतिकार्यमा अर्को जटिल आयाम थपेको छ । दर्ता भएका उजुरी तथा समाचारहरू हेर्दा महिलाविरुद्धको घरेलु हिंसामा व्यापक वृद्धि भएको देखिन्छ ।[6]

---

[3] Zarocostas, John. "How to Fight an Infodemic." *The Lancet*, vol. 395, no. 10225, 29 Feb. 2020, p. 676, www.thelancet.com/journals/lancet/article/PIIS0140-6736(20)30461-X/fulltext, 10.1016/S0140-6736(20)30461-X. Accessed 13 Apr. 2020.

[4] Bollyky, Thomas J., et al. "The Equitable Distribution of COVID-19 Therapeutics and Vaccines." *JAMA*, vol. 1, no. 1, 7 May 2020, 10.1001/jama.2020.6641.

[5] Rashid, Norul Mohamed. "United Nations Rule of Law Support in the Context of COVID-19 Pandemic." United Nations and the Rule of Law, 12 May 2020, www.un.org/ruleoflaw/blog/2020/05/united-nations-rule-of-law-support-in-the-context-of-covid-19-pandemic/. Accessed 6 Aug. 2020.

[6] "Issue Brief: COVID-19 and Ending Violence against Women and Girls | Digital Library: Publications." *UN Women*, www.unwomen.org/en/digital-library/publications/2020/04/issue-brief-covid-19-and-ending-violence-against-women-and-girls.

## रोग सम्बन्धित अनिश्चितता

कोभिड-१९ एउटा नौलो रोग हो र यसबारे धेरै कुरा अझै अज्ञात नै छ । आर्थिक गतिविधिहरूमाथि यसले पार्न सक्ने थप प्रभावसम्बन्धी अनिश्चितताले गम्भीर अन्यौल निम्त्याएको छ । अन्यौल र डरले सञ्चारमा बाधा थप्ने काम गर्दछ ।[7]

## परिस्थितिगत प्रसंग

कोभिड १९को सन्दर्भमा विश्वव्यापी रूपमा तीन मुख्य परिस्थितिगत प्रसंगहरू देखिन्छन् जसलाई यो रणनीतिले सम्बोधन गरेको छः

१. वैज्ञानिक प्रमाणहरूमाथि बारम्बार उठाइने उच्च स्तरका राजनीतिक प्रश्न ।
२. कोभिड(१९का जोखिम घटाउने उपायहरूलाई आर्थिक पुनरुत्थानसँग सन्तुलित गर्ने चुनौती ।
३. झूटा समाचार र अडियो(भिजुअल सामग्रीको द्रुत सञ्चार ।

मानव स्वास्थ्य र कल्याणका लागि वैज्ञानिक प्रमाणहरूको आधारमा कदम उठाउनका लागि खडा गरिएका स्वास्थ्य मन्त्रालय जस्ता संगठनहरूले यिनै परिस्थितिका कारण अभूतपूर्व चुनौतीको सामना गरिरहेका छन्।

प्रभावकारी सञ्चार र विशेषगरी जोखिम सञ्चार तथा सामुदायिक संलग्नता वैज्ञानिक प्रमाणमाथि प्रश्न उठाउने प्रवृति र नक्कली समाचार प्रसारका विरूद्ध सबैभन्दा महत्त्वपूर्ण प्रतिकार्यहरू हुन् ।

## कोभिड-१९ देश-विशेष सन्दर्भ

यो रणनीति कार्यान्वयन हुने सन्दर्भमा जनस्वास्थ्य र सुरक्षा मध्यस्थता विज्ञानमा आधारित रहनुपर्ने भएकाले र योसँग थुप्रै सामाजिक पक्षहरू जोडिएका हुनाले यो मौलिक छ । परियोजनाहरूको निर्माण र

[7] Sopory, P et al. (2019). Communicating Uncertainty During Public Health Emergency Events: A Systematic Review. Review of Communication Research, 7, 67-108, doi: 10.12840/ISSN.2255-4165.019

कार्यान्वयनको दौरान यी पक्षहरूलाई ध्यानमा राखिनेछ । यीमध्ये केही महत्वपूर्ण प्रासंगिक पक्षहरू तल उल्लेख गरिएका छन् ।

## १. नेपालको परिवर्तनशील महामारी स्थिति

यो रणनीतिको तयारी गर्न शुरू गर्दासम्ममा संक्रमित व्यक्तिहरूको संख्या फेरि बढ्न थालिसकेको थियो । नेपालमा कोभिड-१९बाट संक्रमित दोस्रो व्यक्ति पत्ता लागेपछि जारी गरिएको तीन महिना भन्दा लामो राष्ट्रव्यापी बन्दाबन्दीले भाइरसको प्रसारणलाई सुस्त बनायो । भारतबाट फर्केका नेपाली आप्रवासी कामदारहरूको क्वारेन्टिनले पनि महामारीको विस्तारको गति घटाउन थप सहयोग पुऱ्यायो । तर बन्दाबन्दी खुलेलगत्तै आवागमन पुनःसुचारु भएकाले संक्रमितहरूको संख्यामा वृद्धि आएको छ । निकट भविष्यमा व्यापक समुदायिक प्रसारण नहोला भन्न सकिदैन । बन्दाबन्दी खुलेपछि अधिकांश जनताले सरकारले जारी गरेका शारीरिक दूरी र अन्य जनस्वास्थ्य सुरक्षा निर्देशनको अनुसरण गरिरहेको पाइँदैन । त्यसमाथि नेपाली आप्रवासी कामदारहरूको फिर्ती जारी नै छ ।

## २. संघीय सञ्चार प्रतिकार्यको समन्वय

प्रभावकारी प्रतिकार्यका लागि नेपाल सरकारले शुरूमा कोभिड-१९का सम्बन्धमा जनादेश सहित तीनवटा निकायलाई परिचालन गरेको थियो । कोभिड-१९को रोकथाम र नियन्त्रणका लागि उच्चस्तरीय समन्वय समिति (HLCC) उपप्रधानमन्त्री (DPM) र रक्षा मन्त्रीको नेतृत्वमा सञ्चालित छ । HLCC अब कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC)सँग आबद्ध भएको छ । कोभिड-१९सम्बन्धी केन्द्रीय समन्वयलाई अहिले कोभिड-१९ संकट व्यवस्थापन केन्द्र र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इन्सिडेन्ट कमाण्ड सिस्टम (ICS)मा निर्देशित गरिएको छ । यी दुई निकायहरूका माध्यमबाट नेपालमा कोभिड-१९ महामारीको नीति निर्माणमा अन्य सरकारी निकायहरूको प्रतिनिधित्व गरिन्छ ।

कोभिड-१९सम्बन्धी सन्देश प्रवाहमा एकरूपता र स्थिरता सुनिश्चित गर्नका लागि यी निकायहरूबीच तात्क्षणिक (real time) सञ्चार स्थापित गर्नु आवश्यक छ । यस रणनीतिको सफल कार्यान्वयनका लागि यो एउटा बृहत् आवश्यकता हो ।

## ३. परिवर्तनशील संघीयता र विकासशील स्वास्थ्य प्रणाली

संघीयताको प्रक्रिया गहन छ र यसले विस्तारै नेपालमा जरा गाडिरहेको छ ।[8] तर संघीयताको बदलिँदो परिवेशसँगै कोभिड-१९ महामारी पनि गाभिन पुगेको छ । कोभिड-१९अघि सरकारका तहहरूबीच समन्वय स्थापित गर्ने दिशामा अवरोधहरू मुख्यतया सञ्चारसम्बन्धी चुनौतीका रूपमा देखिन्थे ।[9] [10] संघीय, प्रादेशिक र स्थानीय सरकारका भूमिका र जिम्मेवारीवहन क्षमताका लागि हालको महामारी एउटा अभूतपूर्व गम्भीर परिक्षा साबित भएको छ । स्वास्थ्य क्षेत्रको संघीकरण प्रक्रिया मुख्यतया मानव संसाधन र औषधी खरीदको व्यवस्थापन गर्नका लागि स्थानीय सरकारी निकायको क्षमता बृद्धि गर्ने दिशामा केन्द्रित रहेको छ तर जोखिम सञ्चार र सामुदायिक संलग्नतामा अत्यन्तै न्यून जोड दिइएको छ ।[11]

## यस रणनीतिलाई निर्देशित गर्ने सिद्धान्तहरू

यस रणनीतिले तीव्रता, दक्षता र प्रभावकारितालाई समाहित गर्ने प्रयास गरेको छ । कुनै पनि रणनीति को कार्यान्वयनमा सामंजस्य हुनु या नहुनु त्यसको कार्यान्वयनलाई निर्देशित गर्ने बृहत् प्रयोज्य सिद्धान्तमा जुट्ने सहमतिमा निर्भर हुन्छ । यस रणनीतिका निर्देशक सिद्धान्तहरू निम्नानुसार छन्:

### सिद्धान्त १

सञ्चार क्षेत्रमा 'सम्पूर्ण-नेपाल' र 'सम्पूर्ण-समाज' पहुँचको आवश्यकता छ ।

यो रणनीतिले नेपालमा श्रोता र सञ्चार प्रणालीको विविधतालाई सम्बोधित गर्नेगरी विषयवस्तुको उत्पादन र प्रसारणलाई निर्देशित गर्दछ । कोभिड-१९सम्बन्धी दर्शक/श्रोता/पाठकहरूसम्मको

[8] "New Government Report Takes Stock of Federalism in Nepal." *World Bank*, www.worldbank.org/en/news/press-release/2019/12/17/new-government-report-takes-stock-of-federalism-in-nepal. Accessed 6 Aug. 2020.

[9] Government of Nepal , Ministry of Federal Affairs and General Administration, Division of Federal Affairs, 2nd August 2020, News-Notice, Chalan No:6. Retrieved from https://mofaga.gov.np/news-notice/1999

[10] Government of Nepal, Ministry of Federal Affairs and General Administration, Local level coordination division, 2nd August 2020, News-Notice, Chalan No:17. Retrieved from https://mofaga.gov.np/news-notice/1989.

[11] Thapa, Rajshree, et al. "Implementing Federalism in the Health System of Nepal: Opportunities and Challenges." *International Journal of Health Policy and Management*, vol. 8, no. 4, 22 Dec. 2018, pp. 195–198, www.ncbi.nlm.nih.gov/pmc/articles/PMC6499910/, 10.15171/ijhpm.2018.121. Accessed 10 Jan. 2020.

सञ्चारलाई प्रभावकारी बनाउन विविध सञ्चार माध्यम आवश्यक हुन्छन् । सामाजिक सञ्जाल र तिनमा सक्रिय प्रभावशाली व्यक्तिहरू(influencers)को मूलप्रवाहिकरण र जानकारी तथा सञ्चार प्रविधिहरूसम्मको पहुँचमा असमानता (digital divide)[12] जस्ता कुरालाई यो रणनीति र यसको कार्यान्वयन योजनाले ध्यानमा राख्नु अपरिहार्य देखिन्छ । यसका लागि दर्शक/श्रोता/पाठकहरू र सञ्चार माध्यमहरूको अवस्थित मानचित्रणको प्रयोग गरिनेछ र आवस्यक जानकारीको कमी भएका ठाउँमा नयाँ तथ्यांक संकलन गरिनेछ । सन्देश र सामग्रीको विकास गर्ने क्रममा नेपाली समाजको विविधतालाई ध्यानमा राखिनेछ । त्यसैगरी, कोभिड-१९सम्बन्धी सन्देश जारी गर्दा सीमान्तकृत समुदायका दर्शकरश्रोतारपाठकका सञ्चार आवश्यकताहरूलाई ध्यानमा राखिनेछ । कोभिड-१९ महामारीको व्यापक सामाजिक प्रभावलाई केवल एउटा मन्त्रालयले सम्बोधन गर्न सक्दैन । विशेषगरी सञ्चारको क्षेत्रमा कोभिड-१९ प्रतिकार्यका लागि सम्बन्धित मन्त्रालयहरूले संयुक्त प्रयास गर्नु आवश्यक छ । कोभिड-१९सम्बन्धी सन्देशहरूलाई एकीकृत गर्न सम्बन्धित मन्त्रालयहरू तथा प्रान्तीय र स्थानीय प्राधिकरणहरूसँग मिलेर सक्रिय प्रयास गरिनेछ ।

## सिद्धान्त २

सञ्चारको क्षेत्रमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग र अन्यअन्तर्गतका सबैको सहभागिता ('all-hands-on-deck approach') आवश्यक छ ।

कोभिड-१९ महामारी एउटा स्वास्थ्य आपतकालको रूपमा शुरू भयो, त्यसपछि यो एउटा विश्वव्यापी महामारीको रूपमा फैलियो र अहिले यो एउटा सामाजिक संकटमा परिणत भएको छ । यस महामारीले जन्माएका थुप्रै चुनौति र तिनका समाधानहरू स्वास्थ्य संगठनहरूको कार्यक्षेत्रभित्र पर्दैनन् । तर अझै पनि आम जनता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई नै यो संकटका सम्पूर्ण पक्षका बारे जवाबदेह मान्दछन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नेपालमा कोभिड-१९ प्रतिकार्यको क्षेत्रमा सरकारको अग्रणी निकाय भएकोले पनि त्यसो लाग्नु स्वाभाविक नै हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई स्वास्थ्य क्षेत्रभन्दा बाहिरका मुद्दाहरूको बारेमा आम नागरिकका चासोहरूका जवाफ दिनु ठूलो चुनौती बनेको छ । मन्त्रालयले सम्बन्धित अन्य मन्त्रालयहरूसँग आफ्ना सञ्चार उद्देश्यहरूको समन्वय गर्नु र नागरिकहरूका चिन्ता तथा प्रश्नहरूको समग्र जवाफ दिइने सुनिश्चित गर्नु आवश्यक भएको छ ।

[12] 2018 Digital Nepal Framework, Ministry of Communication and Information Technology, Government of Nepal www.*mocit.gov.np* mocit.gov.np/application/resources/admin/uploads/source/EConsultation/Final%20Book.pdf.

यो कठिन उद्देश्य हासिल गर्नका लागि यस रणनीतिले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका विभिन्न निकायहरू र सम्बन्धित मन्त्रालयहरूका सञ्चार केन्द्रविन्दुहरूलाई समेट्ने संयुक्त सञ्चार केन्द्र स्थापना गर्ने प्रस्ताव राख्दछ ।

## सिद्धान्त ३

प्रभावकारी आन्तरिक सूचना प्रवाह र सञ्चार प्रभावकारी बाह्य सञ्चारको आधार हो ।[13]

यस रणनीतिको कार्यान्वयनले आन्तरिक सञ्चार र सम्बन्धित जानकारीको अटूट र सामयिक प्रवाह सुनिश्चित गर्नेछ । यसअन्तर्गत अवस्थित आन्तरिक सञ्चार च्यानलहरूको समीक्षा गरिनेछ, तिनलाई सुदृढ र थप प्रभावकारी बनाइनेछ । यस रणनीतिले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र यसका धेरै निकायहरूबीचको आन्तरिक सञ्चारको जटिलतालाई ध्यानमा राखेको छ । प्रत्येक एकाइसँग सञ्चार उपकरणहरू, च्यानलहरू र सामग्रीहरूको विस्तृत पोर्टफोलियो हुन्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सञ्चारलाई सामयिक र सटीक बनाउनका लागि यस रणनीतिको कार्यान्वयन योजनाले यी एकाइहरूबीच सूचना प्रवाहमा सुधार ल्याउने उपायहरू निर्दिष्ट गरेको छ । यो रणनीतिले कोभिड-१९ प्रतिकार्यको सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अगाडि बढाएका कार्यमा आपसमा जोडिएका तीन सञ्चार प्रवाहहरूलाई ध्यानमा राखेको छ जसलाई तल प्रस्तुत गरिएको छ ।

| **सञ्चारका तीन प्रवाहहरू** | | |
|---|---|---|
| **किन** | **के** | **कसरी** |
| नेतृत्व सञ्चार | प्राविधिक सञ्चार | परिचालन सञ्चार |
| संघीय मन्त्री (निर्वाचित) | प्रमुख वैज्ञानिक | ICS कमान्डर |
| प्रादेशिक मन्त्रि (निर्वाचित) | प्रवक्ता | महानिर्देशक, स्वास्थ्य सेवा विभाग |

[13] Calif. Dep. Health Serv. 2005. *Crisis and Emergency Risk Communications Toolkit*, Bioterrorism Educ. Workgr., Emerg. Prep. Off. (EPO), Sacramento

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कोभिड-१९सम्बन्धी इन्सिडेन्ट कमाण्ड सिस्टमले यस आपतकालसँग सम्बन्धित प्रतिकार्यहरूलाई एककृत गर्न मद्दत गर्दछ । ICSको सञ्चार स्तम्भ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सबै कोभिड-१९सँग सम्बन्धित सञ्चारको मिलन विन्दु हो ।

## सिद्धान्त ४

कुशल तथा प्रभावकारी प्रतिकार्यको लागि नेपालमा सरकारका तीन तहहरूबीच तात्क्षणिक (real-time) सञ्चार हुनु आवश्यक छ ।

**सरकार प्रशासन**

संघीय सरकार
प्रादेशिक सरकार
स्थानीय सरकार

यो रणनीतिले नेपालमा स्वास्थ्य प्रशासनका संघीय, प्रादेशिक र स्थानीय तहका बीच सूचना प्रवाह र द्वि-दिशात्मक सञ्चारलाई बढावा दिने सुदृढ संयन्त्रहरूको स्थापनाको परिकल्पना गर्दछ । यस रणनीतिमा साधारण सञ्चार र जोखिम सञ्चारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन एकाइअन्तर्गतको विद्यमान समन्वय संयन्त्रको अनुकूलन र सुदृढीकरणको पहल गरिएको छ ।

## सिद्धान्त ५

समयोचित, सक्रिय, पारदर्शी, अभिनव र प्रयोगकर्ता-मैत्री सञ्चारले प्रतिकार्यमा सुधार ल्याउँदछ र जीवन रक्षा गर्दछ ।

यस रणनीतिअन्तर्गतका कार्य तीव्र अत्यावश्यकता (urgency)को भावनाले प्रेरित छन् । कोभिड-१९ आपतकालको अप्रत्याशित प्रकृति र प्रभावकारी प्रतिकार्यका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमाथि आम जनताका अपेक्षाहरूले ती आवश्यकताकालाई थप बढाएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दर्शक/पाठक/श्रोताहरूलाई कोभिड-१९ महामारीको परिवर्तित अवस्थाको प्रतिकार्यका लागि आफ्ना लक्ष र कार्यहरूको बयान गर्नेछ । मन्त्रालयले महामारीको बारेमा अहिलेसम्म के-कस्ता कुरा पत्ता लगाइएका छन् र के-कस्ता कुरा अझै अज्ञात नै छन् भन्ने कुरा पारदर्शी रूपमा साझा गर्नेछ । यस रणनीतिले आम जनताका अपेक्षाहरूलाई सम्बोधित गर्नुको महत्त्वलाई ध्यानमा राख्दै वैज्ञानिक प्रमाणहरू प्राप्त हुँदैगर्दा कोभिड-१९का बारे सूचना र निर्देशन बारम्बार परिवर्तित हुन सक्नेछन् भन्ने कुरा दर्शक/पाठक/श्रोताहरूलाई बुझाउने उद्देश्य राख्दछ । यस रणनीतिको कार्यान्वयन योजनाले नेपालको कोभिड-१९ प्रतिकार्यमा मिडियासँग नियमित संलग्नता राख्ने उद्देश्य राख्दछ ।

## सिद्धान्त ६

सञ्चार र सन्देशको हरेक प्रक्रियामा ‘गुणक’ र ‘परिवर्धक’ (‘multipliers’ and ‘amplifiers’ )सँगको साझेदारीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई द्रुत रूपमा व्यापक दर्शकहरूमा पुग्न मद्दत गर्नेछ ।

यस रणनीतिको उद्देश्य भनेको यसका सबै योजनाहरू र परिचलान प्रक्रियाहरूका डिजाइन र कार्यान्वयनमा सञ्चार र जोखिम धारणा (risk perception)सम्बन्धी ‘गुणक’ र ‘परिवर्धक’हरू थप्नु हो । संसाधनको अभाव भएको अवस्थामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सञ्चार प्रयासलाई प्रभावकारी बनाउनुमा ‘गुणक’ र ‘परिवर्धक’हरूसँगको सहकार्यले केन्द्रीय भूमिका खेल्दछ ।[14] विश्वसनीयतामा सम्झौता नगरी यस रणनीतिका उद्देश्यहरू छिटो भन्दा छिटो गुणन र परिवर्धन ( multiply and amplify) गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय स्तरमा समाजका सबै क्षेत्रहरूसँग रणनीतिक साझेदारी स्थापित गरिनेछ । त्यस्तै कम लागतका प्रविधिलाई व्यापक रूपमा नयाँ दर्शक/श्रोता/पाठक र साझेदारहरूसम्म पुग्न प्रयोग गरिनेछ । साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र यसका निकायहरूमा यस रणनीतिलाई अगाडि बढाउन मद्दत गर्ने आन्तरिक ’गुणक’ र ’परिवर्धक’हरू खोज्न जोड दिइनेछ ।

## सिद्धान्त ७

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग र साझेदारहरूको अवस्थित सञ्चार संसाधन र क्षमतामा आउने वृद्धिले सञ्चार प्रतिकार्यलाई द्रुत र अधिकतम वृद्धि गर्न मद्दत गर्नेछ ।

---

[14] Tong, X., & Zhang, H. (2019). Perception, Amplification and Communication: A Case Study of Food Safety Risks. *China’s Emergency Management: Theory, Practice and Policy*, 71–115. https://doi.org/10.1007/978-981-13-9140-8_3

यो रणनीतिले कोभिड-१९सम्बन्धी सञ्चारका लागि नयाँ सञ्चार संसाधनहरू प्रयोगमा ल्याउनुअघि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका विद्यमान सञ्चार संसाधन र क्षमताहरूमा अधिकतम वृद्धि ल्याउने लक्ष्य राखेको छ । यसअन्तर्गत निम्न कुरा समावेश छन्: पहिलो, विद्यमान सञ्चार संरचना, कार्य, विषयवस्तु र कोभिड-१९ आपतकालीन तयारी र प्रतिकार्यमा संलग्न प्रत्येक तहका भूमिकाहरू नोट गर्ने । दोस्रो, यी तहहरूबीचको अन्तर-निर्भरता र यिनले वहन गर्ने उत्तरदायित्वहरूबीच रहेको असमानतालाई ध्यानमा राख्ने । तेस्रो, अवस्थित संरचनाहरूले सम्बोधन गर्न छुटाएका महत्वपूर्ण क्षेत्रलाई सम्बोधन गर्ने र चौथो, निर्बाध कोभिड-१९ सञ्चार स्थापित गर्ने ।

## सिद्धान्त ८

साझेदार र सरोकारवालाहरूसँग सूचना आदानप्रदानको लागि दुई दिने प्रक्रिया आवश्यक छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आपतकालिन अवस्थामा आवश्यक प्रतिकार्य गर्नका लागि आफ्ना ज्ञान र अनुभवहरूको उपयोग गर्न जारी राख्नेछ र साथसाथै आफ्नो सञ्चार प्रतिकार्यलाई तिखार्न यसले साझेदारहरूसँग मिलेर निरन्तर वैज्ञानिक अनुसन्धान र विभिन्न विषयहरूमा आम जनताका जानकारी, दृष्टिकोण र अभ्यासको मूल्यांकन गर्न जारी राख्नेछ । आवश्यकताअनुसार यसै सिद्धान्तको आधारमा नयाँ संवाद च्यानलहरू स्थापित गरिनेछन् ।

## सिद्धान्त ९

विश्वसनीयता स्थापित गर्नका लागि नेतृत्व सञ्चारको सुदृढीकरण आवश्यक छ ।

प्रभावकारी नेतृत्व सञ्चारले साझा उद्देश्यको भावना जगाउन र आवश्यकताअनुसार महामारीसम्बन्धी सामूहिक कार्यहरूको लागि नागरिकहरूको प्रतिबद्धता जुटाउन मद्दत गर्न सक्दछ ।[15] जोखिम सञ्चार सिद्धान्तहरूका आधारमा संघीय, प्रान्तीय, स्थानीय रसामुदायिक स्तरमा नेतृत्वको समर्पित संलग्नता आवश्यक छ । यो रणनीतिले नतृत्वमा रहेकाहरूलाई कोभिड-१९सम्बन्धी उपलब्ध वैज्ञानिक जानकारी बुझ्न र यसबारे नीतिगत निर्णयहरू जनतामा व्यापक रूपमा सम्प्रेषण गर्ने संयन्त्रहरूको स्थापनालाई प्राथमिकता दिन्छ ।[16]

---

[15] Wilson, S. (2020) ‘Pandemic leadership: Lessons from New Zealand’s approach to COVID-19’, Leadership, 16(3), pp. 279–293. doi: 10.1177/1742715020929151.

[16] “Achieving Community Leadership in COVID-19 Response | GOARN.” *Extranet.Who.Int*, extranet.who.int/goarn/content/achieving-community-leadership-covid-19-response. Accessed 6 Aug. 2020.

### सिद्धान्त १०

सामुदायिक संलग्नता र जोखिम सञ्चार अविभाज्य छन् र एकले अर्कालाई सुदृढ पार्दछन् ।

कोभिड-१९ महामारीको प्रभावकारी प्रतिकार्यका लागि यस जनस्वास्थ्य आपतकालका सबै पक्षमा समुदायको सक्रिय सहभागिता आवश्यक छ ।[17]

## रणनीतिक सञ्चार लक्ष्यहरू

यस सञ्चार रणनीतिको लक्ष्य भनेको रोगको प्रसारण र गम्भीरतालाई कम गर्न मद्दत पुऱ्याउनु हो र स्वास्थ्य सेवा प्रदायकहरू, जनस्वास्थ्य अधिकारीहरू र जनतालाई नेपालमा कोभिड-१९ले उत्पन्न गरेका चुनौतीहरूको सामना गर्न सहयोग पुऱ्याउनु हो । आपतकालीन जोखिम सञ्चार सिद्धान्तका आधारमा, यस रणनीतिका तीन अन्योन्याश्रित रणनीतिक लक्ष्य तल दिइएका छन्ः

### रणनीतिक लक्ष्य १

कोभिड-१९को बारेमा आम जनता र साझेदारहरूलाई सटीक जानकारीको द्रुत र सक्रिय सञ्चार गर्ने ।

### रणनीतिक लक्ष्य २

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जनस्वास्थ्य प्रतिकार्य र मन्त्रालयअन्तर्गतका निकायहरूको कोभिड-१९ सञ्चारसम्बन्धी सबै गतिविधिहरूमा पारदर्शिता सुनिश्चित गर्ने ।

---

[17] Risk communication and community engagement (RCCE) action plan guidance: COVID-19 preparedness and response. International Federation of Red Cross and Red Crescent Societies, UNICEF and World Health Organization; 2020 (https://apps.who.int/iris/handle/10665/331913).

## रणनीतिक लक्ष्य ३

विश्वसनीयता कायम राख्ने र बढाउने; आम जनता तथा साझेदारहरूका लागि जानकारीको विश्वसनीय स्रोत हुन जारी राख्ने ।

## उद्देश्यहरू

यो रणनीति स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको 'कोभिड-१९ महामारीको लागि स्वास्थ्य क्षेत्रको आपतकालीन प्रतिकार्य योजना' अन्तर्गत विकसित भइरहेको छ ।[18] यो रणनीतिलाई विशेषत: सामुदायिक समावेशीकरण र (यसअघिका योजनामा उल्लेख गरिएजस्तै) प्रतिकार्य योजनाको अनुभाग ३.१.२मा प्रकाश पारिएका जोखिम सञ्चार उद्देश्यहरू प्राप्त गर्ने दिशामा द्रुत प्रगति गर्न निर्माण गरिएको हो । महामारीको परिवर्तनशील अवस्था तथा द्रुत गतिमा विस्तार भइरहेका विभिन्न परिदृश्यहरूको बारेमा रहेका धेरै अनिश्चितताहरूलाई ध्यानमा राख्दै यस रणनीतिका उद्देश्यहरूअन्तर्गत गम्भीर समस्याहरूलाई तत्काले सम्बोधन गर्ने उपायहरू र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको क्षमता सुधार गर्ने दीर्घकालीन उपायहरू समाहित गरिएका छन् । जोखिम सञ्चार र सामुदायिक संलग्नता ।

नेपालको कोभिड-१९ प्रतिकार्यमा समावेश सरकारका मुख्य निकायहरूका लागि भूमिका र जिम्मेवारीहरू निर्धारित परियोजनाहरूसहितको परिचालन योजना यो रणनीतिको पूरक हो । कोभिड-१९ महामारीको अवस्थामा आउने परिवर्तनहरूसँगै यो दस्तावेजलाई पनि अध्यावधिक गरिनेछ । यहाँ उल्लिखित रणनीतिहरू र कार्यान्वयन योजनामा समावेश धेरै कदमहरू एकै साथ चालिनेछन् । यो रणनीति विद्यमान राष्ट्रिय आपतकालका दौरान विकसित भइरहेको हुनाले एक पछि अर्को गर्दै विस्तारमा कदमहरू चाल्नका लागि डिजाइन गरिएको छैन ।

माथि दिइएका रणनीतिक लक्ष्यहरूका विस्तृत उद्देश्यहरू निम्नानुसार छन् । तिनको कार्यान्वयनलाई यस रणनीतिका निर्देशक सिद्धान्तहरूसँग अनुकूल बनाइनेछ । यी उद्देश्यहरूलाई कार्यान्वयन योजनामा उल्लिखित परियोजनाहरूमार्फत पूरा गरिनेछ ।

[18] Health Sector Emergency Response Plan for COVID-19 Pandemic, Ministry of Health and Population, Government of Nepal, May 2020

## उद्देश्य १

कोभिड-१९का बारे जनस्वास्थ्य निर्णयमा संलग्न विज्ञान र नेपालभरका दर्शकरश्रोतारपाठकहरूका विविधता, सञ्चारमा पहुँच तथा ज्ञात प्राथमिकताहरूलाई ध्यानमा राख्दै कोभिड-१९सम्बन्धित विषयवस्तु निर्माण गर्नु ।

यसका लागि रेडियो श्रोतासम्म पुग्न तीनवटा 'कन्टेन्ट बैंक-अडियो', टिभी तथा डिजिटल सामग्री प्रयोग गर्ने दर्शकसम्म पुग्न भिडियो र पाठकहरूसम्म पुग्न पाठ्य सामग्री तयार गरिनेछ ।

## उद्देश्य २

दर्शकरश्रोतारपाठकका अपेक्षा र यस रणनीतिका लक्ष्यहरू पूरा गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अवस्थित कोभिड-१९ सञ्चार सामग्री तथा च्यानलहरूलाई सुदृढ पार्नु र नयाँ सामग्रीको विकास गर्नु ।

यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका कोभिड-१९सम्बन्धित निम्न सामग्री र च्यानलहरूको अध्यावधिक गर्नु आवश्यक छः

**सामग्री**

१. स्थिति रिपोर्टहरू
२. सूचना, शिक्षा तथा सञ्चार (IEC) सामग्री
३. प्रेस ब्रीफिंगमा दैनिक अपीलहरू

**च्यानलहरू**

१. कोभिड-१९ पोर्टल
२. हटलाइनहरू
३. मोबाइल एयाप - 'हाम्रो स्वास्थ्य'
४. टिभी र फेसबुकमा दैनिक मिडिया ब्रीफिंगहरू
५. फेसबुक
६. ट्विटर
७. भाइबर समूह

## उद्देश्य ३

दूरदराजका जनता अथवा पहुँच राख्न कठिन दर्शक/श्रोता/पाठकसम्म पुग्ने सन्देशहरूको संख्या बढाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई मद्दत गर्ने रणनीतिक साझेदारी स्थापित गर्नु ।

यसका लागि निम्न समूह तथा सञ्जालका व्यावसायिक संगठनहरूसँग संलगन रहेर सुझाव समिति र/वा विषयगत कार्यसमूह खडा गर्नु आवश्यक छः

१. सम्बन्धित मन्त्रालयहरू
२ मिडिया
३. शिक्षा जगत
४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नागरिक समाज संगठनहरू
५. निजी क्षेत्र

## उद्देश्य ४

श्रोताका प्रतिक्रिया र संवाद संयन्त्रहरूको सुदृढीकरण र निर्माण गर्नु जसले अफवाहहरू र गलत सूचनालाई पत्ता लगाउन र तात्क्षणिक (real time) जवाफ दिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई मद्दत गर्दछन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको हटलाइन जनतामाझ फैलिएका अफवाहहरू र तिनका सरोकारहरू पत्ता लगाउने प्राथमिक संयन्त्र हो । तर यस्ता जानकारी सक्रिय रूपमा संकलन गर्ने र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कोभिड सञ्चारलाई पोषित गर्ने च्यानलहरू निर्माण गर्नु आवश्यक छ । प्रभावकारी सन्देशप्रवाहको लागि मिडिया र अफवाह निगरानी संयन्त्रहरूलाई खटाइनेछ ।

## उद्देश्य ५

कोभिड-१९को प्रसंगमा साधारण सञ्चार र जोखिम सञ्चारमा समर्पित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मानव संसाधनको क्षमता सुदृढीकरण गर्नु ।

यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, यसअन्तर्गतका निकायहरू र सरकार प्रशासनका तीन तहहरूमा कार्यरत प्रवक्ताहरूको सञ्जाल स्थापित गर्नु र उनीहरूको संकट तथा जोखिम सञ्चार क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

## उद्देश्य ६

अभियानहरू र लक्षित अनुकूलित हस्तक्षेपहरू (targeted customised interventions)मार्फत सामुदायिक संलग्नताका गतिविधिहरूमा उल्लेखनीय र व्यवस्थित अभिवृद्धि गर्नु ।

कोभिड-१९को खोपको अभावमा, विशेषगरी सीमित संसाधन भएको अवस्थामा, महामारी रोकथामका लागि सामुदायिक संलग्नता र गैर-चिकित्सीय हस्तक्षेप अत्यावश्यक छन् ।[19] यस दिशामा समुदायहरूको प्रभावकारी परिचालनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र गृह मन्त्रालयजस्ता अन्य सम्बन्धित मन्त्रालयहरूसँग कुशल र घनिष्ठ समन्वयको आवश्यकता छ । सक्रिय सामुदायिक संलग्नताको उद्देश्य राखेका सबै हस्तक्षेपहरूलाई स्वास्थ्य क्षेत्रमा सामुदायिक संलग्नतालाई संस्थागत गर्ने सिद्धान्तहरूसँग अनुकुल बनाइनुपर्दछ ।[20]

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सामग्री र मार्गदर्शनसँग समायोजन (Alignment with Ministry of Health and Population assets and guidance)

यस रणनीतिको विकास स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निम्न विषयका सामग्री र मार्गदर्शनसँग सम्बन्धित छः

१. कोभिड-१९ प्रतिकार्य
२. जोखिम सञ्चार र सामुदायिक संलग्नता (मस्यौदा उन्नत चरणमा)
३. स्वास्थ्य शिक्षा सूचना र सञ्चार
४. स्वास्थ्य आपतकालीन सञ्चालन
५. इन्सिडेन्ट कमाण्ड सिस्टम
६. प्रादेशिक र स्थानीय तहका स्वास्थ्य सञ्चार प्रणाली र संयन्त्रहरू

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ‘कोभिड-१९ को प्रतिकार्यका लागि स्वास्थ्य क्षेत्रको आपतकालीन प्रतिकार्य योजना’ र यो रणनीतिलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्ण महाशाखा (EDCD) द्वारा विकासको अन्तिम चरणमा रहेको ‘नेपालको लागि जोखिम

---

[19] Preparing for large-scale community transmission of COVID-19. Manila: WHO Regional Office for the Western Pacific; 2020 (https://iris.wpro.who.int/handle/10665.1/14493).

[20] Zambruni JP, Rasanathan K, Hipgrave D, Miller NP, Momanyi M, Pearson L, Rio D, Romedenne M, Singh S, Young M, Peterson S. Community health systems: allowing community health workers to emerge from the shadows. The Lancet Global Health. 2017 Sep 1;5(9):e866-7.

सञ्चार र समुदायिक संलग्नता दिशानिर्देशहरू' (RCCE Guidelines for Nepal) अनुसार एककृत गरिनेछ । RCCE दिशानिर्देशहरूले परिचालनका सबै पक्षहरूको विवरण दिनेछन्स त्यसैले यो रणनीति दस्तावेजमा तिनलाई उल्लेख गरिएको छैन ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सञ्चारसम्बन्धित अपेक्षा र अनुभव यसको राष्ट्रिय स्वास्थ्य सञ्चार नीति, २०१२ मा झल्किन्छ । यो रणनीतिले त्यसमा उल्लिखित उद्देश्यहरूलाई ध्यानमा राखेको छ ।

विश्वव्यापी मार्गदर्शनसँग पंक्तिबद्धतारसमायोजन (Alignment with global guidance)

यस रणनीतिले विश्वव्यापी मार्गदर्शन (विशेषगरी विश्व स्वास्थ्य संगठनका मुख्य मार्गदर्शन र दिशानिर्देशहरू)सँग पंक्तिबद्ध हुने प्रयास गरेको छ । यीमध्ये उल्लेखनीय दस्तावेज तल दिइएका छन्:

- Implementation of the International Health Regulations (2005) WHO (2010).[21]
- Pandemic Influenza Risk Management: A WHO guide to inform and harmonise national and international pandemic preparedness and response. WHO (2017).[22]
- Role of community engagement in situations of extensive community transmission of COVID-19. WHO (2020).[23]
- Communicating risk in public health emergencies A WHO guideline for emergency risk communication (ERC) policy and practice. WHO (2018).[24]

---

[21] WHO. (2010). Implementation of the International Health Regulations (2005). Retrieved from http://apps.who.int/gb/ebwha/pdf_files/WHA64/A64_10-en.pdf?ua=1

[22] World Health Organisation. (2017). *Pandemic Influenza Risk Management: A WHO guide to inform and harmonize national and international pandemic preparedness and response*. Retrieved from WHO website: https://apps.who.int/iris/bitstream/handle/10665/259893/WHO-WHE-IHM-GIP-2017.1-eng.pdf;jsessionid=0D500C39892E7EA6B36350FAA229405D?sequence

[23] World Health Organization. Regional Office for the Western Pacific. (2020). Role of community engagement in situations of extensive community transmission of COVID-19. Manila : WHO Regional Office for the Western Pacific. https://apps.who.int/iris/handle/10665/332172. License: CC BY-NC-SA 3.0 IGO

[24] WHO. (2018). Communicating risk in public health emergencies A WHO guideline for emergency risk communication (ERC) policy and practice. Retrieved from https://apps.who.int/iris/bitstream/handle/10665/259807/9789241550208-eng.pdf?sequence=2

## यो रणनीतिका अपेक्षित उपलब्धि के-के हुन् ?

यो रणनीतिले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई कोभिड आपतकालमा निम्न तरिकाले उत्तम प्रतिकार्य गर्न सहयोग पुऱ्याउनेछः

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा समग्र कोभिड-१९ सञ्चार प्रतिकार्यलाई बल प्रदान गर्ने र कोभिड आपतकालका दौरान र त्यसपछिको सञ्चारलाई प्रभावकारी बनाउने प्रक्रियाहरू पहिचान गर्न मद्दत गर्ने योजना र मानक परिचालन प्रक्रियाहरू (standard operating procedures)को कार्यान्वयन ।

२. वैज्ञानिक प्रमाणमा आधारित दक्ष, प्रभावकारी र समयोचित सञ्चार ।

३. सरकारका तीन तह र नेपाल सरकारले गठन गरेका कोभिड-१९सम्बन्धी समन्वय गर्ने निकायहरूबीच बहुपक्षीय सञ्चारका लागि पारदर्शी प्रक्रियाहरूको स्थापना ।

४. यस रणनीतिक योजनाको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने कार्यनीतिक भूमिकाहरू र विभागीय एकाइहरूको पहिचान र द्रुत रूपमा देखिन थालेका आपतकालिन आवश्यकताहरूका लागि समयोचित प्रतिकार्य गर्न सक्ने अन्तर-क्षेत्रीय कार्यनीति भएका प्रक्रिया र टोलीहरूको निर्माण । यसले आपतकालको बखत र पछिको संरचना र कुशल सञ्चारमा सहयोग पुऱ्याउनेछ ।

५. सञ्चारमा अगुवाइ लिन सक्ने जोखिम सञ्चारकर्मीहरूको एउटा मजबूत र जीवन्त, अन्तर-स्तर सञ्जाल (cross-tier network)को निर्माण ।

६. आधुनिक प्रविधिमा आधारित प्रयोगकर्ता-मैत्री जोखिम तथा संकट सञ्चार उपकरणहरूको निर्माण जसले दर्शक/पाठक/श्रोताहरूमा व्यापक पहुँच राख्न सक्नेछन् र लागतलाई धेरै हदसम्म घटाउनेछन् ।

७. समसामयिक, प्रासंगिक, उपयोगी, महामारीका चरणहरूअनुसार संरचित र लक्षित दर्शकहरूअनुसार वर्गीकृत गरिएका कोभिड-१९ सञ्चार सामग्रीका लागि 'बैंक'को निर्माण ।

८. दर्शक/श्रोता/पाठकहरूअनुसारका सञ्चार माध्यमहरूको पहिचान, परीक्षण र निरन्तरता ।

९. अन्तर-निकाय जोखिम सञ्चार अभ्यासको नेतृत्व र सहजीकरण ।

१०. सर्वसाधारण, मिडिया, निजी क्षेत्र र नागरिक समाजसँग नयाँ रणनीतिक साझेदारीको थालनी जसले महामारीसम्बन्धी तात्क्षणिक (real-time) सञ्चारको विस्तारलाई सहज बनाउनेछ ।

११. जोखिम तथा संकट सञ्चारका क्षेत्रमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयभित्रै व्यवस्थित क्षमता निर्माण योजनाको विकास ।

## यो रणनीतिले क-कसलाई सम्बोधन गरेको छ ?

यो रणनीतिले प्राथमिक रूपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र यसअन्तर्गतका निकायहरू, नीति निर्माताहरू र आपतकालीन तयारी, प्रतिकार्य, जोखिम सञ्चार, सामुदायिक संलग्नता तथा सञ्चारका लागि जिम्मेवार संगठनका तहहरूलाई सम्बोधित गरेको छ । यस दस्तावेजले तीव्र आवश्यकता र अनिश्चितता भएको अवस्थामा सञ्चार नीति छनौट गर्नका लागि मार्गदर्शन गर्न मद्दत गर्न सक्ने समस्याहरूलाई वर्णन गर्दछ ।

यस रणनीतिको कार्यान्वयन योजनाका सरोकारवालाहरू निम्नानुसार छन् (तर यतिमै सीमित छैनन्):

१. नेपालमा बस्ने मानिसहरू
२ स्वास्थ्यकर्मीहरू
३. कोभिड-१९ संक्रमित व्यक्तिहरू
४. बिरामीहरू
५. कोभिड-१९बाट गम्भीर रूपमा प्रभावित हुने जोखिम भएका वर्गरसमूहमा पर्ने व्यक्तिहरू
६. सम्बन्धित मन्त्रालयहरू
७. परम्परागत र गैर-पारम्परिक मिडिया
८. नागरिक समाजका साझेदारहरू
९. निजी क्षेत्र
१०. विकास साझेदारहरू

## कार्यान्वयन संयन्त्र

### कार्यान्वयन नेतृत्व

यस रणनीतिको कार्यान्वयन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इन्सिडेन्ट कमाण्ड सिस्टम (ICS) को सञ्चार स्तम्भको तत्वावधानमा हुनेछ ।

HSERP मा अनुमानित प्रभाव र सञ्चार कभरेज प्राप्त गर्न क्ष्म्रक्को सञ्चार स्तम्भको क्षमतालाई उल्लेखनीय वृद्धि र सुदृढीकरण गर्नु र यसलाई क्ष्म्रक अन्तर्गतको संयुक्त सूचना केन्द्र बनाउनु आवश्यक हुनेछ । यसका लागि प्रारम्भिक सिफारिसहरूमा निम्न कुरा समावेश छन्:

१. इन्सिडेन्ट कमाण्ड सिस्टम (ICS) वा रोग नियन्त्रण र रोकथाम केन्द्र (CDC) सञ्चार स्तम्भअन्तर्गत उच्च प्राधिकारसहितको संयुक्त सञ्चार केन्द्र (JCC)को स्थापना । संयुक्त सञ्चार केन्द्र (JCC)को संरचनामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागका सबै सञ्चार केन्द्रबिन्दुहरू पर्नेछन् । व्ऋत्ऋले केन्द्रित परियोजनाहरूको माध्यमबाट यो रणनीतिको कार्यान्वयन गर्नेछ । व्ऋत्ऋले नेपालमा कोभिड-१९ प्रतिकार्य समन्वय गर्ने निम्न निकायसँगको सहकार्यलाई पनि मार्गदर्शन गर्नेछः

१. कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC)
२. इन्सिडेन्ट कमाण्ड सिस्टम (ICS)
३. स्वास्थ्य संसदीय समिति
४. प्रदेश स्तरीय कोभिड-१९ समन्वय संयन्त्र

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पूर्णरूपमा विकसित 'जोखिम सञ्चार तथा सामुदायिक संलग्नता (RCCE) एकाइ'को स्थापना । यसले नेपालमा जोखिम सञ्चार तथा सामुदायिक संलग्नता र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा यसअन्तर्गतका निकायहरूको सन्देश प्रवाहलाई निर्णय प्रक्रियाको मूलधारमा ल्याउनेछ । कोभिड आपतकालको अवास्थामा यो एकाइले संयुक्त सञ्चार केन्द्र (JCC)भित्र रहेर काम गर्नेछ र पछि यसलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा रोग नियन्त्रण र रोकथाम केन्द्र ( CDC)मा स्वतन्त्र (stand-alone) एकाइको रूपमा सारिनेछ ।

३. सम्बन्धित मन्त्रालयहरू, मुख्य सरकारी निकायहरू र साझेदारहरूलाई एकसाथ काम गर्ने वातावरण निर्माण गर्नका लागि एउटा जोखिम सञ्चार र समुदायिक संलग्नता (RCCE)कार्य समूहको स्थापना । यो समूहले जोखिम सञ्चार र सामुदायिक गतिविधिहरूको कार्यान्वयनमा प्रभाव पार्ने पक्षहरूसँगको सक्रिय संलग्नतालाई बढावा दिनेछ ।

## कार्यान्वयन विधि

द्रुतता र जवाफदेहीता सुनिश्चित गर्नका लागि कार्यान्वयन योजनालाई व्यक्तिगत परियोजनाहरूमा विभाजन गरिनेछ । प्रत्येक परियोजनाको लागि एउटा टोली तोकिनेछ र तिनीको कार्यान्वयनलाई नजिकबाट निगरानी गरिनेछ ।

परियोजनाहरू छुट्टाछुट्टै सूचीबद्ध छन् । तिनको कार्यान्वय हुँदै गर्दा तिनलाई अध्यावधिक गरिनेछ । आपतकालमा अधिकतर परियोजनाहरू समानान्तर रूपमा चल्नेछन् । आवश्यकताका आधारमा नयाँ परियोजनाहरू थपिनेछन् ।